# बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### कर्मैया, सर्लाही
### मधेश प्रदेश, नेपाल
### (२०७३)

## सेवा करारमा कर्मचारी पदपुर्ती सम्वन्धी सूचना

(प्रकाशित मिति:२०८२/०४/२६)

प्रस्तुत विषयमा यस बागमती नगरपालिकाको लागि दक्ष जनशक्तिलाई सेवा करार मार्फत पदपुर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली उम्मेदवारहरुले यस कार्यालयबाट उपलब्ध फाराम भरी सूचना प्रकाशित भएको मितिले १५दिन भित्र निवेदन दिनु हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | विज्ञापन नं | पद/तह | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३/२०८२/०८३ | विद्यालय नर्स (पाँचौ तह) | २ | ७००। | विद्यालय स्वास्थ्य नर्सिङ्ग कार्यक्रम |
| २ | ४/२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ | ७००। | SaMi कार्यक्रम अन्तर्गत |

**१.आवश्यक न्यूनतम योग्यता:** (विद्यालय नर्सको लागि)

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको।

**२.आवश्यक न्यूनतम योग्यता:**( मनोसामाजिक परामर्शकर्ताको लागि)

क) मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातकतह/स्वास्थ्य शिक्षा बिषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ्ग उत्तीर्ण गरेको।

ख) मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ।

ग) कम्प्युटर सम्वन्धी आधारभूत ज्ञान तथा अनुभव (Word , Excel, Power Point, Email/internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।

**३.दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने**

स्थान: बागमती नगरपालिका website : bagmatimunsarlahi.gov.np बाट डाउनलोड गरी वा कार्यालयबाट प्राप्त गरी यस नगर कार्यपालिकाको कार्यालय, कर्मैया, सर्लाहीमा बुझाउनु पर्नेछ।

**४.उमेरको हद:** दरखास्त दिने अन्तिम मितिसम्म २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको) र विद्यालय नर्सको हकमा ४५ बर्ष ननाघेको।

**५.परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:** सूचना प्रकाशन गरिनेछ।

**६.आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:** आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजतहरुको प्रतिलिपि:

क) कार्यालयबाट उपलब्ध निवेदन फाराम

ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बसाइसराइ भए सो सँग सम्बन्धित प्रमाणपत्रको प्रतिलिपि

ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरण (Bio–Data)

घ) कामसँग सम्वन्धित अनुभव भए सो सँग सम्वन्धित कागजातको प्रतिलिपि

ङ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो तीन प्रति

च) परीक्षा दस्तुर तिरेको नगदी रसिद।

**७.परीक्षाको किसिम तथा छनौट प्रक्रिया:** लिखित, प्रयोगात्मक रअन्तर्वार्ता।

**८.पारिश्रमिक तथा सेवा सुविधा:** बागमती नगरपालिकाले तोके बमोजिम।

**९.आवेदन दिने अन्तिम मिति:** योसूचना प्रकाशन भएको मितिले १५दिनसम्म।

१०.आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहनेछ।

११.कुनै अस्पष्टताको सम्वन्धमा यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ।

**१२.कार्यक्षेत्र:** कार्यालयले तोके अनुसार।

**१३.दरखास्त दस्तुर:** बागमती नगरपालिकाको आन्तरिक राजश्व खाता नं २०७२०५००२८०९४००२ मा जम्मा गरी सोको सक्कलै भौचर पेश गर्नुपर्ने वा बागमती नगरपालिकको राजश्व शाखामा नगद उपलब्ध गराई रसिद लिनुपर्नेछ।

**नोट:**

क) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको।

ख) यस सूचनामा तोकिएको परीक्षा दस्तुर तिरी आवेदन फाराम बागमती नगपालिकाबाट प्राप्त गर्न सकिनेछ।

ग) यस सूचनामा उल्लेख नभएको विषयहरुको सन्दर्भमा यस कार्यालयको निर्णयानुसार वा प्रचलित कानून बमोजिम हुनेछ।

**– प्रमुख प्रशासकिय अधिकृत**

## लखन्देहीले बगाएर वृद्धको मृत्यु

सर्लाहीमा आईतवार लखन्देही खोलाले बगाएर एक वृद्धको मृत्यु भएको छ। खोलाले बगाएर कबिलासी नगरपालिका-१, पिपरियाका ७० वर्षीय मोहम्मद जमिरको मृत्यु भएको हो।

जमिरलाइं आज बिहान लखन्देही खोला पारी खेतमा काम गर्न जाँदा बरहथवा नगरपालिका-१६ बाट बाढीले बगाएको थियो।

परिवारले उनी बेपत्ता भएको जानकारी दिएपछि खोजी गर्ने क्रममा आज दिउँसो बरहथवा नगरपालिका-१७, स्थित बरहथवा नगरपालिका र चक्रघट्टा गाउँपालिकाको सीमामा पर्ने खोला किनारमा जमिरलाई मृत फेला पारिएको इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी नायब उपरीक्षक निरन्जन भट्टराईले जानकारी दिए।

डिएसपी भट्टराईका अनुसार मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाउने तयारी भइरहेको छ।

गएराति सर्लाहीको चुरेभेगमा भारी वर्षा हुँदा लखन्देहीसहितका अन्य खोलामा आज बिहानैदेखि ठुलो बाढी आएको थियो।

सर्लाहीमा गएसाँझ पनि बलरा नगरपालिकामा पुरानो मनुष्मारा खोलामा डुबेर एक जनाको मृत्यु भएको थियो। सीमावर्ती बलरा नगरपालिका-६, मिर्जापुरमा घाँस काटेर घर फर्किँदै गर्दा खोला तर्नेक्रममा चिप्लिएर जलकुम्भीमा टाउको फस्दा स्थानीय बिकाउ बैठाकी छोरी १६ वर्षीया रँगिला बैठाको मृत्यु भएको प्रहरीले जनाएको छ।

सम्पादक: राममिलन राय, कार्यकारी सम्पादक/प्रकाशक: विनोद कुमार बिश्वकर्मा, कार्यालय : ला.न.पा.७, सर्लाही। सम्पर्क नम्बर ९८५४०३४५००, कानुनी सल्लाहकार: भरत कुमार घिमिरे, मुद्रण : जानकी अफसेट प्रेस मलंगवा।